**कपुरकोट गाउँपालिकाको गाउँसभामा पेश भएको नीति, कार्यक्रम तथा वजेटको सम्बन्धमा कपुरकोट गाउँपालिकाका अध्यक्ष तथा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिका संयोजक श्री भिम बहादुर सेनज्यूबाट गाउँसभामा प्रस्तुत आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रम**

गाउँसभाका उपाध्यक्षज्यू ,

सम्पूर्ण गाउँसभाका सदस्यज्यूहरू,

सभाका सचिबज्यू तथा सबै कर्मचारीहरू

संचारकर्मी तथा पत्रकारज्यूहरू,

अन्य उपस्थित महानुभाव तथा सुरक्षाकर्मी साथीहरू,

आजको यस कपुरकोट गाउँपालिकाको सभामा अध्यक्षको हैसियतमा आ.व. २०७६/७७ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्तै गौरवान्वित भएको छु । यस अवसरमा विभिन्न कालखण्डहुँदै लोकतान्त्रिक गणतन्त्र सम्म नेपालको उन्नति, प्रगति तथा समृद्धिका लागि संघर्ष गर्ने क्रममा आफ्नो ज्यानको बलिदान गर्ने ज्ञात अज्ञात सहिदहरू प्रति हार्दिक श्रन्दान्जली ब्यक्त गर्दै घाइते तथा अपाङ्ग एवं वेपत्ता भएका परिवारजनप्रति सम्मान एवं सहानुभूति प्रकट गर्दछु ।

हाम्रो गाउँपालिकाभित्र रहेका सिमित श्रोतसाधनको अधिकतम सदुपयोग गरी समृद्ध गाउँपालिका बनाउने अवसर र चुनौती रहेको छ । जनताप्रति उत्तरदायी स्थानीय सरकार र जनप्रशासनबाट मात्रै यस गाउँपालिकाले लिएका निति र लक्ष्यहरू छिटोछरितो रूपमा पुरा गर्न सकिन्छ भने जागरूक, श्रृजनशिल, स्वस्थ, लगनशिल, चेतनशिल जनसमुदायको पहलकदमिबाट मात्र यस गाउँपालिकाको समृद्धि हाँसिल हुन जान्छ ।

आगामी आर्थिक बर्षको बजेट तर्जुमा गर्दा मैले नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, विनियोजन विधेयक, २०७६ को सिद्धान्त र प्राथमिकता, नेपाल सरकार र कर्णाली प्रदेश सरकारको नीति तथा कार्यक्रम, कपुरकोट गाउँपालिकाको विभिन्न विषयगत क्षेत्रका नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्य, गाउँपालिकाले आयोजना गरेको कार्यक्रमबाट आएका बौद्धिक वर्गका सुझाब र गाउँसभाका आदरणीय सदस्यहरूले दिनुभएका सुझावहरूलाई मार्गदर्शनको रूपमा लिएको छु । विभिन्न राजनीतिक दल, संघ संस्था, विद्वतवर्ग र गाउँपालिकाभित्र र बाहिर रहनु भएका दिदी-बहिनी, दाजु-भाइहरूबाट प्राप्त रचनात्मक सुझाबहरूलाई समेत ध्यान दिएको छु ।

विकासका सम्भाब्य अवसरहरूलाई सामाजिक न्याय, क्षेत्रिय सन्तुलन का साथसाथै साधन श्रोतको वास्तविक रूपमा कार्यान्वयन गर्न आवश्यकताका आधारमा प्राथमिकीकरण गरी सन्तुलित विकासका निम्ति मार्गदर्शन गर्न निम्नलिखित भिजन मिसन तथा नीतिहरू अवलम्वन गरी आर्थिक वर्ष ०७६/०७७ को गाउँपालिकाको नीति, कार्यक्रम तथा बजेट तर्जुमा गरिएको ब्यहोरा गरिमामय सदन समक्ष निवेदन गर्न चाहन्छु ।

कपुरकोट गाउँपालिकाको दीर्घकालिन मार्ग निर्देशन का लागि भिजन, पहिचानको नारा देहाय अनुसार तय गरीएको छ ।

**दृष्टिकोण** : आगामी ५ वर्ष भित्र सम्मृद्ध र नमुना गाउँपालिका बनाउने ।

**अभियान** : आन्तरिक आम्दानी लाई सवल वनाउदै प्राप्त श्रोत र साधनको अधिकतम सदुपयोगका माध्यमबाट गाउँपालिकाको समग्र पक्षको विकास गर्ने ।

**नारा : "कृषि, पर्यटन र पूर्वाधार, कपुरकोट गाउँपालिकाको विकासको आधार "**

**गाउँसभाका सदस्यज्यूहरू,**

स्थानीय सरकारको गठनसँगै जनताहरूमा विकासका अपेक्षाका चाँङका पहाडै छन् तापनि सबै विकास तथा अपेक्षा एकै पटक पुरा गर्न सकिने होइन । आवश्यकताका प्राथमिकता, सम्भाव्यता, औचित्यताका साथसाथै बजेटको सिमितताका विचबाट विकासको बाटो पहिल्याउने मुल उदे्श्यले यो बजेट ल्याइएको छ । सोही उद्धेश्य पुरा गर्न देहाय अनुसारका आधार र मार्गदर्शनमा टेकेर वार्षिक नीति, कार्यक्रम तथा बजेट निर्माण गरिएको छ ।

१. नेपालको संविधानमा उल्लेखित स्थानिय तहको एकल तथा साझा अधिकारहरूको सुचि,

२. नेपालको संविधानमा उल्लेखित मौलिक हकहरू,

३. स्थानीय सरकार सञ्चाचलन ऐनको मर्म तथा उद्धेश्य,

४. नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानिय तहको कार्यविस्तृतिकरणको प्रतिवेदन ,

५.संघिय सरकार तथा प्रदेश सरकारको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरू ,

६.संघिय सरकारले अवलम्वन गरेका आर्थिक तथा वित्तिय नीतिहरू,

७.स्थानीय तहको आवधिक योजनाले अंगिकार गरेका प्राथमिकताहरू,

८.नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताहरू,

९.संघीय सरकारका क्षेत्रगत नीति, रणनिति योजना तथा अध्ययन प्रतिवेदनहरू,

१०.विकासका समसामयिक मुद्धाहरू (दिगो विकास, जलवायु परिवर्तन, विपद व्यवस्थापन, पोषण सुरक्षा, लैंगिक सशक्तिकरण, पुर्ण सरसफाई, पुर्ण खोप, फोहोर मैला व्यवस्थापन जस्ता विषयहरू,

११.स्थानीय तहको मध्यकालिन खर्च संरचनामा अनुरूप प्राथमिकतामा परेका विषयहरू,

१२. स्थानीय तहले आवश्यक देखेका अन्य विषयहरू

१३. गाउँपालिकामा रहेका विभिन्न विषयगत समितिले अवलम्वन गरेका नीतिहरू

**गाउँसभाका सदस्यज्यूहरू ,**

अब म गाउँपालिकाको चालु आर्थिक बर्षको आर्थिक स्थितिका बारेमा संक्षिप्त जानकारी गराउन चाहान्छु ।

चालु आर्थिक वर्षमा भौतिक पूर्वाधार भवन, मोटरबाटो, खानेपानी संरचनाहरूको उत्साहप्रदरूपमा निर्माण भएको छ । चालु आर्थिक वर्षमा स्वास्थ्य तथा शिक्षाका सूचकहरू पनि उत्साहजनक रहेका छन् ।

चालु आर्थिक वर्षमा कृषि तथा पशु विकासको क्षेत्रमा सोचेअनुरुप तथा आवश्यकता अनुसार काम हुन नसके पनि क्रमिक सुधारकै अवस्थामा रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ मा कुल सरकारी खर्च विनियोजनको तुलनामा ८९.८ प्रतिशत अर्थात २२ करोड ३ लाख ६५ हजार हुने संशोधित अनुमान छ । कुल सरकारी खर्च मध्ये चालुतर्फ विनियोजनको ७६ प्रतिशत, पूँजीगततर्फ विनियोजनको ९७ प्रतिशत र सशर्त तर्फ ९८ प्रतिशत खर्च हुने संशोधित अनुमान छ ।

आर्थिक वर्ष २०७५/७६ मा आन्तरीक राजश्व परिचालन जम्मा रू २७ लाख हुने संशोधित अनुमान रहेको छ ।

**गाउँसभाका सदस्यज्यूहरू ,**

अब म आगामी आर्थिक वर्ष २०७६/७७ को नीति, कार्यक्रम तथा बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु । नीति, कार्यक्रम तथा बजेटका उद्देश्य देहाय बमोजिम रहेका छन् ।

(क) स्वस्थ र शिक्षित मानिस राष्ट्रको अमुल्य धन भएकोले शिक्षा र स्वास्थ्यको आवश्यकताहरू परिपूर्ति गर्दै **मानव विकास सूचकाङ्कमा गुणात्मक सुधार गर्ने,**

(ख) गाउँपालिकाभित्रका सार्वजनिक निकायका भौतिक पूर्वाधारहरू निर्माण गरी सार्वजनिक **सेवा प्रवाहलाई सुशासनयुक्त, प्रविधियुक्त, पारदर्शि र जनमुखी बनाउने,**

(ग) उपलब्ध स्रोत-साधन, अवसर र क्षमताको उच्चतम उपयोग तथा न्यायिक वितरण गर्दै **सामाजिक न्याय सहितको आर्थिक विकास गर्ने,**

(घ) नागरिकका मौलिक हकको रूपमा रहेका जीवनयापनका न्यूनतम आधारभूत आवश्यकताहरू परिपूर्ति गर्दै गरिबी, विपन्नता र पछौटेपनको अन्त्य गर्न गाउँपालिकास्तरीय **पूर्वाधार विकास, आर्थिक, सामाजिक तथा साँस्कृतिक विकास केन्द्रित तथा अन्तरसम्बन्धित बनाउने,**

(ङ) कपुरकोट गाउँपालिकाको **समृद्ध विकासको खाका कोर्ने,**

(च) आर्थिक भौतिक तथा सामाजिक पूर्वाधार विकास गरी सन् २०३० सम्ममा मध्यम आय भएको मुलुकमा रूपान्तरण हुँदै **समुन्नत र समृद्ध समाजवाद उन्मुख अर्थतन्त्रको आधारशिला निर्माण गर्ने संघिय सरकारको उद्देश्यलाई सघाउने ।**

नीति कार्यक्रम तथा बजेटका उद्देश्यहरू हासिल गर्न देहाय अनुसार नीतिगत, कार्यक्रमगत र प्रक्रियागत प्राथमिकता निर्धारण गरेको छ ।

(क) गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी लगायतका सामाजिक र कृषि, पशुपालन, घरेलु साना उद्योग, पर्यटन लगायतका आर्थिक पूर्वाधारको विकास,

(ख) गाउँपालिकाभित्रका पर्यटकीय तथा कृषि व्यवसायको दृष्टिकोणले रणनैतीक भौतिक संरचनाको स्तरोन्नती र पर्यटकीय नयाँ गन्तव्यहरूको खोजी,

(ग) गाउँपालिकाभित्र रहेका अति विपन्न वर्ग, क्षेत्र, समुदाय र परिवारको उत्थानको लागि आरक्षित तथा समावेशी कार्यक्रमहरू सञ्चालन,

(घ) कानुनको शासन, सार्वजनिक सेवाको प्रभावकारीता, जवाफदेहिता र विकासमा जनताको अपनत्व र सहभागिता मार्फत सुशासन प्रवर्द्धन,

(ङ) आर्थिक विकास र गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने,

(च) राजश्व परिचालनमा योगदान पुऱ्याउने, सेवा प्रवाह ,सुशासन तथा संस्थागत विकासमा योगदान पुऱ्याउने,

(छ) दिगो विकास, वातावरण संरक्षण, फोहोर मैला व्यवस्थापन, विपत व्यवस्थापनमा योगदान पुऱ्याउने,

(ज) स्थानिय स्रोत साधनमा आधारित भई जनसहभागिता अभिबृद्धि हुने,

(झ) लैंगिक समानता, सामाजिक समावेशीकरणको अभिवृद्धि हुने,

(ञ) स्थानिय संस्कृतिक खोजी, संरक्षण तथा प्रबर्द्धन गर्न सहयोग पुऱ्याउने,

(ट) स्रोत-साधन, अवसर र जिम्मेवारीको उच्चतम उपयोग गर्न संघ, प्रदेश र स्थानीय तह तथा सहकारी र निजी क्षेत्रबीचमा सहकार्य ।

**गाउँसभाका सदस्यज्यूहरू ,**

विकासका सम्भाव्य अवसरहरूलाई सामाजिक न्याय, वडागत सन्तुलनका साथै साधन श्रोतको वास्तविक रूपमा कार्यान्वयन गर्न आवश्यताका आधारमा प्राथमिकीकरण गरी गाउँपालिकाको समग्र विकासका निम्ति मार्गदर्शन गर्ने निम्नलिखित नीतिहरू अवलम्वन गरी आर्थिक वर्ष २०७६/७७ को कपुरकोट गाउँपालिकाको नीति, कार्यक्रम तथा बजेट तर्जुमा गरिएको ब्यहोरा निवेदन गर्न चाहन्छु ।

अब म सामाजिक क्षेत्रगत नीति, कार्यक्रम तथा विनियोजन प्रस्ताव प्रस्तुत गर्न चाहन्छु ।

**<u>शिक्षा, युवा तथा खेलकुदः</u>**

- कुनै पनि दरबन्दि नभएका मावि तह निमावि तह र प्रावि तहका विद्यालयहरूलाई विद्यालय विकास प्रस्तावको आधारमा शैक्षिक उपलब्धि स्तर बृद्धिका कार्यक्रमहरू संचालन गरि शैक्षिक उपलब्धि बढोत्तरी गरिनेछ ।
- संघिय सरकारबाट पोषक व्यवस्थापन नगरिएका शिशु सहजकर्ता, कार्यालय सहयोगीहरू, विद्यालय लेखापाल र अनुदान शिक्षकहरूलाई पोषक व्यवस्थापन तथा खाजाको व्यवस्था गरि उनीहरूको मनोवल उच्च बनाईनेछ ।
- विघुतको पहुँचबाट टाढा रहेका विद्यालयहरूमा सोलार प्यानल जडान गरी कम्तिमा पनि एक कम्प्यूटर चलन सक्ने वातावरण सबै विद्यालयहरूमा बनाइनेछ ।
- समुदायका अभिभावकहरू र आमाहरूलाई अभिभावक शिक्षा तथा आमा सचेतना कार्यक्रमको माध्यमबाट सचेतिकरण गरिनेछ ।
- विद्यार्थीको प्रतिभाको प्रस्फुटन गराउन विविध अतिरिक्त क्रियाकलापहरू संचालनको व्यवस्था मिलाईनेछ । साथै सबै कक्षाको बार्षिक परक्षिालाई एकरूपतामा संचालन गर्न गाउँपालिकास्तरमै प्रश्नपत्र निर्माण तथा छपाई गरि परीक्षा संचालनमा एकरूपता र मर्यादित बनाईनेछ ।
- शिक्षकहरूलाइ शिक्षण सिकाइ तालिम, शिक्षण सिकाइमा आएका कठीनाइ अन्त्य गर्न शिक्षण क्रियाकलापलाइ प्रविधिमैत्री बनाई गुणस्तरिय तथा प्राविधिक शिक्षा प्रदान गर्ने नीति लिइने छ ।
- उत्कृष्ट विद्यालय, विद्यार्थी र कर्तब्यनिष्ठ शिक्षकलाइ प्रोत्साहन तथा पुरस्कृत गर्ने नीति अवलम्बन गरिने छ । साथै विद्यालयमा भौतीक पूर्वाधार विकास संगै आई सी टी, विज्ञान प्रयोगशाला, पुस्तकालयको ब्यवस्थापनमा कार्यक्रम संचालन गरिने छ ।
- यस गाउँपालिकामा रहेको एकमात्र कपुरकोट वहुमुखि क्याम्पसमा सबै विषयको कक्षा सञ्चानका लागी पहल गरिने छ । जसका लागी विशेष योजना निर्माण गरिने छ ।
- एसईईमा उत्कृष्ट हुने छात्रा १ र छात्र १ जनालाइ पुरस्कृत गरिने छ । फरक क्षमता भएका विद्यार्थीका लागी र टुहुरा, विपन्न तथा गरिव विद्यार्थीका लागी दोहोरो नपर्नेगरि छात्रवृत्तिको ब्यवस्था गरिने छ ।

- भर्ना अभियानलाइ प्रभावकारि बनाउदै घरदैलो मार्फत विद्यालय उमेरका सबै बालबालिकालाइ विद्यालयको पहुँच सुनिश्चीतता गरिने छ ।
- गाउँपालिकाले एउटा आफ्नो पहिचान सहितको पाठ्यक्रम निर्माण गरी विद्यालयहरूमा लागु गरिनेछ ।
- शिक्षा आर्थिक विकास तथा समृद्धिको पूर्वशर्त हो । शिक्षाविना कुनै पनि समाज अगाडी बढ्न सक्दैन । त्यसैले ***'प्रविधियुक्त समाज आजको आवश्यकता, समृद्धिका लागि गुणस्तरिय शिक्षा'*** भन्ने नारालाई यस गाउँपालिकामा लागू गर्न गाउँपालिकाको कम्तीमा पनि दुई प्राविधिक शिक्षालयको व्यवस्था गरिनेछ ।
- युवाहरूलाइ आफ्नै गाउँठाउँमा जडिबुटि, फलफुल, तरकारी खेती, पशुपालन, कुखुरापालन, पर्यटन उद्यम र अन्य सिपको विकास गरी उद्यम गर्न र स्वदेशमै आफ्नै उत्पादनमा रमाउने वातावरण बनाउन **युवासंग गाउँपालिका कार्यक्रमलाई निरन्तरता** दिइएको छ । यस कार्यक्रमबाट आत्मनिर्भर, आयआर्जन, समृद्ध गाउँपालिका र स्वरोजगारको आधार तय हुने छ भन्ने विश्वास लिइएको छ ।
- राष्ट्रको चिनारी, सद्भाव र मित्रताको भावना बढाउने विश्वमा खेलकुद नै भएकाले यस कपुरकोट गाउँपालिकाको चिनारी र दक्ष खेलाडि एवम् स्वस्थ नागरिक उत्पादन गर्न गाउँपालिकामा स्वास्थ्यका लागि खेलकुद, राष्ट्रको लागि खेलकुद अन्तर्गत **'गाउँपालिका अध्यक्ष कप' कार्यक्रमलाई निरन्तरता दिईएको छ ।** यसबाट गाउँपालिकास्तर, विद्यालयस्तर, वडास्तरमा विभिन्न तहमा खेलकुद कार्यक्रम संचालन गरिने छ । वडामा वडाध्यक्ष कप खेलकुदका कार्यक्रम संचालन हुनेछ ।
- हरेक वडामा खेल मैदान तथा गाउँपालिका स्तरिय खेल मैदान निर्माणमा गरिनेछ ।

**<u>स्वास्थ्य तथा पोषण ः</u>**

- स्वस्थ नागरिक नै विकासका मूल आधार हुन् । यसर्थ कपुरकोट गाउँपालिकाले स्वास्थ्य चौकी नभएका दुई वडामा समेत सामुदायिक स्वास्थ्य इकाई स्थापना गरेर सेवा सुरू गरिसकेको छ । जनताको स्वास्थ्यको हकलाई सुनिश्चितता गर्न सबै नागरीकको पहुँच पुऱ्याउनको लागि **विशेषज्ञ डाक्टरहरू सहितको निःशुल्क स्वास्थ्य शिविरहरू** संचालन गरिने छ ।
- **जेष्ठ नागरिकलाई घरमै गएर स्वास्थ्य अवस्थाको बारे चेकजाँच** र उपचार गर्ने ब्यवस्था मिलाइने छ ।
- कपुरकोट गाउँपालिका बासीले घरबाट बाटो सम्म विरामी पुऱ्याउनका लागि समस्या नहोस् भन्ने उद्देश्यले **"एक टोल एक स्ट्रेचर"** को ब्यबस्था गर्ने नीति लिइएको छ ।
- आवश्यकता अनुसार गाउँघर क्लिनिक र खोप केन्द्र स्थापना गरिने र स्थापना भएकालाइ स्तरोन्नती गरिने छ।
- गर्भवती र सुत्केरी आमाहरूको स्वास्थ्य सुधार र बाल मृत्युदरलाई न्यूनीकरण गर्न विशेष कार्यक्रम सञ्चालन गरिने छ भने गर्भवती र सुत्केरी महिलाको पोषण पहुँच बढाउनका लागी उन्नत जातका कुखुरा वितरण गरिने छ ।
- **आमा सुरक्षा कार्यक्रम** लाई थप प्रभावकारी बनाउदै लगिने छ ।
- दिर्घकालिन रोगहरूको उपचारमा आर्थिक सहयोग उपलब्ध गराउने नीति लिईने छ । **सर्ने तथा नसर्ने रोगहरू**को बारेमा वृहत रूपमा चेतनामुलक कार्यक्रम संचालन गरिने छ ।
- स्वास्थ्य विमाका लागि गाउँपालिकावासीहरुलाई प्रेरित गरिने छ । गाउँपालिकाको समुदायस्तरमा स्वास्थ्य सम्वन्धी जन चेतनामूलक तालिमहरू संचालन गरिने छ
- महिला स्वास्थ्य स्वयं सेविकाहरूको क्षमता अभिवृद्धि गर्ने नीति लिईनेछ भने उनीहरुलाइ **मासिक १ हजार रूपैयाँ प्रोत्साहन रकम प्रदान गर्ने नीतिलाइ निरन्तरता** दिइने छ ।

- स्थानीयस्तरमा औषधिजन्य बनस्पति, जडीबुटी र अन्य औषधिजन्य बस्तुको उत्पादन, प्रशोधन र वितरणमा प्रोत्साहन गरिने छ ।
- अनियन्त्रित रूपमा विक्री वितरण भईरहेको मदिरालाई नियन्त्रण गर्न निश्चित ठाउँ र सयममा मात्र विक्री वितरण केन्द्र तोकी व्यवस्थित गरिनेछ ।
- सुर्ति, मदिरा र लागू पदार्थजन्य बस्तुको प्रयोग नियन्त्रण तथा सचेतना अभिबृद्धि सम्वन्धी कार्यक्रमहरू संचालन गरिने छ ।
- गाउँपालिकामा रहेको आयुर्वेद स्वास्थय केन्द्रको सेवा विस्तार र स्तरोन्नती गरी प्रभावकारि सेवा प्रवाह गर्ने प्रवन्ध मिलाइने छ ।
- गाउँपालिकाभित्र कम्तिमा पनि **एउटा प्याथोलोजी ल्याव** स्थापना गरिनेछ ।
- हरेक स्थानीय तहमा **१५ शैयाको अस्पताल स्थापना** गर्ने राष्ट्रिय नीति अनुसार सोको स्थापनार्थ आवश्यक पर्ने १२ रोपनी जग्गा आगामी बर्षमा व्यवस्थापन गरिनेछ ।
- **योगलाई विद्यालय तथा आम जनतामा विस्तार** गरि आम नागरिकको योग अभ्यासको माध्यमबाट आम जनमानसको स्वास्थ्यमा सुधार आउने अपेक्षा गरिएकोछ ।
- स्वास्थ्य क्षेत्र एक बहुआयामिक क्षेत्र भएको हुँदा हरेक विषयगत नीतिहरूमा स्वास्थ्यका लक्ष्यहरू हासिल हुनसक्ने नीतिहरू अवलम्वन गरिनेछ ।
- स्वस्थ घर, स्वस्थ गाउँ तथा स्वस्थ नगर जस्ता अभियानहरू मार्फत जनचेतना अभिबृद्धि गरिनेछ । **पूर्णखोप सुनिश्चितता** वडा तथा गाउँपालिकाको अवस्थालाई कायम गर्दै हरेक वडाहरूमा खोपको अवस्थाको हरेक बर्ष समिक्षा गरी पूर्ण खोपको अवस्थालाई हरेकवर्ष सुनिश्चिता गरिनेछ । हरेक स्वास्थ्य संस्थामा **स्वास्थ्य शिक्षा कर्नर** राखिनेछ र पोषिला खानेकुराको प्रदर्शन गर्ने र स्थानियस्तरका पोषिला खानेकुराहरूको उपयोग बृद्धि गराउन आवश्यक शिक्षा परामर्श दिइने व्यवस्था मिलाइनेछ ।
- जनताको खानपान र पोषण जस्ता कार्यमा विशेष ख्याल गर्न जनचेतना बढाउनुपर्ने हुन्छ । ***'हरिया तरकारी डोकाबाट फाल्ने, भान्छामा सोयाबिनमा नुन हाल्ने'*** भन्ने उखान हामीमा लागू भएको छ । **जंक फुट**को प्रयोगलाई न्युनिकरण गर्दै आफ्नै खेतबारीमा उत्पादन भएका खानेकुराहरूलाई खाजाको रूपमा प्रयोग गर्न प्रोत्साहन गरिने छ ।
- **हरेक बार, खाना चार** भन्ने सिद्धान्तलाई लागू गर्न ***'स्वस्थ सफा नानीदेखिको बानी, उचित आहारविहार स्वस्थ जीन्दगानी'*** भन्ने नारा लागू गरी पोषण सम्बन्धी जनचेतना अभिवृद्धि गरिने छ । जसका लागी **'स्वस्थ शरीर, सुखि जीवन'** भन्ने कार्यक्रम लिइएको छ ।

**खानेपानी तथा सरसफाईः**

- सबै नागरिकलाइ स्वच्छ पिउने पानीको ब्यवस्था गरिनेछ । पानीका मुहान संरक्षण, बस्ती भन्दा तल रहेको पानीलाइ लिफ्ट सिस्टमबाट माथी तानेर वस्तीका नागरिकलाइ पिउने पानीको ब्यवस्था गरिने छ ।
- पूर्ण सरसफाइ अभियान चलिरहेको कपुरकोट गाउँपालिकालाइ सन् २०२१ भित्र **पूर्ण सरसफाइयुक्त गाउँपालिका** घोषणाका लागी **'बेमौषमी तरकारि खेतीले प्रसिद्ध कपुरकोट, सुन्दर, सफा र हराभरा गाउँपालिका बनाउने हाम्रो अठोट'** भन्ने मुल नाराको साथ विभिन्न अभियानहरू संचालन गरिने छ ।
- सरसफाईका लागी मानिसहरूको वानी ब्यवहारमा परिवर्तन गर्न गाउँपालिकाभित्र जनचेतनामुलक कार्यत्रम संचालन गरिने छ ।
- फोहोरमैलालाइ श्रोतमै न्युनिकरण गर्न घरघरमा कुहिने नकुहिने फोहोर छुट्याउन वडावासिमा जागरणमुलक कार्यत्रम संचालन गरिने छ ।

- कर्णाली प्रदेशको प्रवेशद्धारको रूपमा रहेको कपुरकोट बजारलाई सफा, सुन्दर र चिटिक्क बनाउन नियमित फोहोर उठाइ ल्याण्डफिल्ड साइटमा ब्यवस्थापन कार्य भइरहेको सन्दर्भमा यसलाई अझै प्रभावकारी बनाइने छ ।
- खानेपानीका मुहान शुद्दढिकरण, सरसफाई, सुरक्षा गरी खानेपानीको गुणस्तर सुधार र आवश्यकता अनुसार मासिक तथा चौमासिक रूपमा खानेपानीको गुणस्तर सुधारका लागि खानेपानी उपभोक्ता समितिलाई थप जवाफदेही बनाइनेछ ।
- **वासफिट** कार्यक्रम मार्फत पानीको शुद्धता परीक्षण गरिने छ ।

**<u>महिला, वालवालिका तथा जेष्ठ नागरिकः</u>**

- समाजमा पछि परेका एकल, असहाय, दलित, दुर्गम जनजाती तथा इच्छुक महिलाहरूका लागी प्राथमिकताको आधारमा विभिन्न सिपको विकास गरी उद्यम गर्न '**चेलिवेटी उद्यम कार्यक्रम**' लाई निरन्तरता दिईएको छ । यस कार्यक्रमले महिलाहरूमा उद्यम गर्ने प्रोत्साहन मिल्ने छ ।
- त्यसैगरी महिला सचेतना र शशक्तिकरणका लागी '**दिदीवहिनीसंग उपाध्यक्ष**' भन्ने कार्यक्रमलाई निरन्तरता दिइएको छ । यसले समाजमा आयआर्जन र नेतृत्वको श्रोत पुरूष मात्र हुन् भन्ने पुरानो मान्यतालाइ निरूत्साहित गर्नेछ ।
- जेष्ठ नागरिक, अपाङ्ग, महिला, दलित, असहाय आदि ब्यक्तिहरूको सहज जीवनयापनको लागि विशेष योजना बनाइने छ । गाउँपालिकाभित्र निर्माण हुने हरेक भौतिक संरचना बालवालिका तथा अपांगमैत्री बनाइने छ ।
- जेष्ठ नागरिक सम्मान, मनोरञ्जन स्थलको निर्माण, भजनकृतन स्थलको ब्यवस्था जस्ता कार्यक्रम संचालन गर्ने नीति लिइने छ । प्रत्येक वर्ष आमाको मुख हेर्ने दिनमा जेष्ठ आमाहरू र बाबुको मुख हेर्ने दिन जेष्ठ बुबाहरू (**७५ वर्ष माथिका**) लाई सम्मान गर्ने कार्यक्रमलाई निरन्तरता दिइएको छ ।
- बाल विवाह, लागु औषध दुर्ब्यशनी र विभिन्न प्रकारका कुरितीका विरुद्ध जनचेतनामुलक कार्यक्रमहरू संचालन गरिने छ ।
- सामाजिक सुरक्षा भत्तालाई बैंक मार्फत वितरण गरी लाभग्राही स्वयंले भत्ता पाउने ब्यवस्था गरिने छ । बैंक सम्म पुग्न नसक्ने अति अशक्त, बृद्धहरूको पहिचान गरी घरमा नै भत्ता बुझ्ने ब्यवस्था गरिनेछ ।

**<u>कला तथा संस्कृतीः</u>**

- यस गाउँपालिकाभित्र मौलिक लोककलाको संरक्षण गर्न '**संस्कृतीको संरक्षण, हाम्रो पहिचान**' कार्यक्रम लागू गरि गीत, नृत्यको तालिम तथा प्रतियोगिता राखि संरक्षण गरिनेछ । साथै पुराना वस्तुहरूको खोज र संकलन तथा मगर जातीले प्रयोगमा लिएका सामग्री तथा भाषासंग सम्बन्धित यस क्षेत्रका नामांकनको शब्द अर्थ सहितको संग्रालय निर्माण गर्न पहल गरिनेछ ।
- कपुरकोट गाउँपालिकाभित्र घंघारीचौर पर्यटन गुरूयोजना अन्तर्गत एउटा साँस्कृतिक संग्रहालयको स्थापना गरिनेछ ।

**गाउँसभाका सदस्यज्यूहरू ,**

अब म आर्थिक क्षेत्रगत नीति, कार्यक्रम तथा विनियोजन प्रस्ताव प्रस्तुत गर्न चाहन्छु ।

**<u>कृषि तथा पशुपालनः</u>**

- अर्गानिक कर्णाली प्रदेश कार्यान्वयनका लागी बेमौषमी तरकारि खेतीले ख्याती कमाएको यस कपुरकोट क्षेत्रमा अर्गानीक तरकारि खेती तथा प्रांगारिक मल उत्पादन कार्यक्रममा अनुदान सहयोग गरिनेछ भने युवा कृषि स्वरोजगार कार्यक्रम अगाडी बढाउन प्रदेश तथा संघिय सरकार लगाएत विभिन्न निकायमा पहल गरिने छ ।
- कृषि सहकारीलाइ प्रोत्साहन गर्दै उत्पादकत्व बृद्धिको आधार बनाइने छ ।
- माटोको अम्लीयपन हटाइ उत्पादन बढाउन माटो उपचार तथा सुधार कार्यक्रम संचालन गरिने छ । माटो र हावापानी सुहाँउदो खेती प्रणालीमा जोड दिइ सबै वडामा कृषि र पशुपालनको लागी पकेट क्षेत्र तोक्ने नीति अवलम्बन गरिने छ ।
- कृषि तथा पशु क्षेत्रको विकासका लागी **किसान संग प्राविधिक** कार्यक्रम मार्फत जनशक्तिको परिचालन गरी यस कपुरकोट गाउँपालिकालाइ तरकारि, अण्डा, मासु तथा दुधका लागि आत्मनिरर्भतातर्फ उन्मुख एवं प्रोत्साहन गरिनेछ साथै सुरक्षित एवं भरपर्दो पशुवधशाला र मासु पसल स्थापना गर्न प्रोत्साहन गरिनेछ ।
- कम्तीमा ५ रोपनी वा सो भन्दा बढि जग्गामा मौषम अनुसार एकै प्रकारको खेती गर्ने किसानलाइ ब्यवशायीक किसानको रूपमा पहिचान गरिने छ ।
- कृषि विकाससंग सम्बन्धित विभिन्न सरकारी अर्ध-सरकारी तथा गैरसरकारी संघ-संस्था, विकासका अन्य साझेदारीहरु तथा नीजि क्षेत्रसंग समन्वय र सहकार्य गरी सार्वजनिक नीजि साझेदारी अवधारणा अनुरुप एकीकृत कृषि विकास कार्यक्रमहरु संचालन गरिनेछ ।
- किसानले उत्पादन गरेको वस्तु विना अवरोध बजार सम्म पुर्याउनका लागी कृषि सडकहरूको स्तरोन्नती, मर्मत तथा कृषि उपज संकलन केन्द्रहरूको ब्यवस्थापनमा जोड दिइने छ ।
- फलफुल, जडिबुटी लगाएत कृषिमा आधारित साना उद्योगहरू स्थापना र ग्रामिण कृषि पर्यटनको विकासमा युवा तथा कृषक उद्यमीहरुलाइ आकर्षित गरिने छ ।
- गाउँपालिकाभित्र कृषिसंग सम्बन्धीत तथ्यांकहरू संकलन गरि त्यसकै आधारमा योजना तथा कार्यक्रमहरू संचालन गर्दै लगिने छ ।
- वाली संरक्षणको ब्यवस्था गरी क्षतीपुर्तिको ब्यवस्था गरिने छ ।
- लिफ्ट सिस्टमका सिंचाइ योजना संचालन गर्नका लागी आवश्यक पहल गरिने छ ।
- कृषकहरूलाइ सम्मान र प्रोत्साहन गर्न ***'समृद्धिको शान, हाम्रा किसान'*** भन्ने कार्यक्रम लिइएको छ ।
- कृषकहरूको मुल्यांकन गरि उत्कृष्ट कृषकलाई वार्षिक रूपमा पुरस्कृत गरिनेछ ।
- पशुपालन ब्यवशाय लाइ प्रवर्द्धन गर्नका लागी घाँस खेती, उन्नत जातका पाठापाठी वितरण, पशु स्वास्थ्य शिविर लगाएतका कार्यक्रम संचालन गरिनेछ ।
- पशुहरूको नश्ल सुधार र उत्पादन तथा उत्पादकत्व बृद्धि गर्नको लागि पशुहरूमा कृतिम तथा प्राकृतिक गर्भाधान कार्यक्रम संचालन गरिनेछ । साथै पशुहरूको बाह्य परजीवी नियन्त्रण गर्नको लागि सबै वडाहरूमा डिपिङ ट्याङ्क निर्माण गरिनेछ ।
- पशुहरूको महामारी रोग नियन्त्रणको लागि रेबिज, पी.पी.आर. र एच.एस.बि.क्यू. जस्ता खोपहरूको सेवा प्रदान गर्ने तथा समय समयमा पशु स्वास्थ्य घुम्ति शिविरहरू सञ्चालन गरिनेछ ।
- कृषि वजार केन्द्र तथा हाटवजारको उचित ब्यवस्थापनमा ध्यान दिइनेछ ।
- जग्गा बाँझो राख्ने ब्यक्तिहरूलाई प्रधानमन्त्री रोजगार कार्यक्रममा समावेश नगराउने ब्यवस्था मिलाईनेछ ।
- चालु आर्थिक वर्षमा लिइएको निकासि करलाइ बन्द गरिने छ ।
- यस क्षेत्रमा वालिनालीमा देखिने समस्याको पहिचान गर्नको लागि **प्लान्ट प्याथोलोजी ल्याव, माटो परीक्षण ल्याव स्थापना** गरिनेछ । साथै माटोमा देखिने समस्या निराकरणका लागि माटो शिविरको आयोजना गरिनेछ ।

- यस गाउँपालिका क्षेत्रमा अदुवा खेती, तरकारी, फलफुल, पशुपालन, तथा जडिबुटि क्षेत्रमा प्रसस्त विकासका प्रयास भएका छन् तापनी यी क्षेत्रमा रहेका प्रचुर सम्भावनालाई अध्ययन तथा अनुसन्धानका आधारमा थप व्यवसायिकरण तथा बजारीकरण गर्नका लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

**उद्योग, वाणिज्य तथा पर्यटन विकासः**

- घरेलु तथा साना उद्योग र परम्परागत उद्योगलाई संरक्षण, प्रोत्साहन र प्रबर्द्धन गरिनेछ । परम्परागत सिपको वचावट र हस्तान्तरणका लागि त्यस्ता सिप भएका व्यक्तिको पहिचान गरी कार्यक्रम सञ्चालन गरिनेछ ।
- कपुरकोट गाउँपालिका भित्र पर्ने ऐतिहासिक, सांस्कृतिक, धार्मिक, सम्पदाहरुको अध्ययन अनुसन्धान गरी संरक्षण तथा प्रवर्द्धन गर्ने गरिनेछ । सम्भाव्यता अध्यन भइसकेका पर्यटकीय स्थलमा विभिन्न संरचना निर्माण तथा प्रचारप्रसारका कार्यक्रमहरू अगाडी बढाइने छ ।
- एकीकृत पर्यटकीय र मनोरञ्जन स्थल निर्माण तथा सञ्चालनमा निजी क्षेत्रको लगानी प्रोत्साहन गरिनेछ ।
- अर्गानीक तरकारि र फलफुल खेतीलाइ नमुना बनाई वातावरण संरक्षण, जडिबुटी खेती मार्फत पर्यटन आकर्षण गर्ने नीति लिइको छ ।
- ग्रामिण उद्योग ग्रामको स्थापनाको लागि आवश्यक जग्गाको पहिचान र प्राप्तीका लागि कार्य प्रक्रिया अघि बढाइनेछ ।
- गाउँपालिकास्तरीय पर्यटन गुरूयोजना बनाई सम्भाव्यता र ऐतिहासिक तथा पुरातात्विक महत्व रहेका पौवा, मठ, मन्दिर र स्थलहरूको संरक्षण, पुनःनिर्माण र विकास गर्दै लगिनेछ ।
- अर्गानिक तरकारी खेती, नमुना फलफुल खेती, उन्नत प्रविधि र जातको कृषि तथा फलफुल खेतीको माध्यमबाट कृषि पर्यटनको विकास गर्ने नीति लिइने छ ।
- घंघारीचौर पर्यटन गुरूयोजनालाई कार्यान्वयनमा लगिनेछ ।
- वातावरण संरक्षण, वन संरक्षण, जडिबुटि खेती, नमुना उद्यानहरूको विकास गरी पर्यटन आकर्षित गर्ने नीति लिइने छ ।

**गाउँसभाका सदस्यज्यूहरू ,**

अब म पूर्वाधार विकास क्षेत्रगत नीति, कार्यक्रम तथा विनियोजन प्रस्ताव प्रस्तुत गर्न चाहन्छु ।

**सडक, यातायात तथा संचारः**

- पाँच वर्ष भित्रमा सवै वडा कार्यालय सम्म पक्की मोटरबाटो पुर्‍याउने नीति लिइने छ ।
- विद्यालय तहमा ट्राफिक नियम सम्बन्धी शिक्षा प्रदान गरी सडक दुर्घटना लाई न्युनिकरण गर्ने नीति लिइनेछ ।
- सबै वडामा संचार सेवा तथा इन्टरनेटको प्रभावकारी व्यबस्था गरिने छ ।
- जताततै सडकको ट्र्याक खोली वातावरण विनास गर्ने कार्यलाई निरूत्साहित गर्न गाउँपालिका यातायात गुरू योजनाको पूर्ण कार्यान्वयन गरिनेछ ।
- कपुरकोट बजारमा पार्किङस्थल निर्माणका लागी कार्य अगाडी बढाइने छ ।

**भवन निर्माण तथा बस्ती विकासः**

- सबै वडा कार्यालय, स्वास्थ्य संस्थाहरूका आफ्नै भवन निर्माणलाई प्राथमिकता दिईनेछ । सेवाकेन्द्रमा अवस्थीत पुराना भवनहरूको मर्मतसम्भार तथा स्तरोन्नती गरिने छ ।
- भवन निर्माण तथा वस्ती विकास मापदण्ड निर्माण गरी लागु गरिने छ ।

- नमुना बस्तीहरू, गाँउ स्तरिय नमुना शहर (smart city) निर्माण गरि व्यवस्थित वस्तीको विकास गरिने छ ।
- भूकम्प प्रतिरोधी भवन निर्माण गर्न दक्ष प्राविधिक तयार गरिने छ ।

**उर्जा लघु तथा साना जलविद्युत वैकल्पिक उर्जा समेतः**

- ग्रामिण विद्युतीकरणको कार्य ठेक्का स्वीकृत भई काम बढिरहेको छ । आगामी असोज महिनासम्म काम सम्पन्न हुने अनुमान गरिएको छ । थोरै घर धुरी भएका र विद्युतको लाइन पूर्‍याउन नसकिने ठाउँहरूमा वैकल्पिक उर्जा जडान गरिनेछ ।

**गाउँसभाका सदस्यज्यूहरू ,**

अब म वन, वातावरण, भूसंरक्षण तथा विपद व्यवस्थापन क्षेत्रगत नीति, कार्यक्रम तथा विनियोजन प्रस्ताव प्रस्तुत गर्न चाहन्छु ।

**वन संरक्षण तथा प्रवर्द्धनः**

- गाउँपालिकाभित्र रहेका सामुदायिक वनहरूसँगको सहकार्यमा वन संरक्षण वृक्षारोपण कार्यक्रमहरू सञ्चालन गरिनेछ । वनलाई स्थानिय वासिन्दाको जीवनयापन र आयसँग जोड्नको लागि संघ र प्रदेशसँगको समन्वयमा कार्यक्रम सञ्चालन गरिनेछ ।
- वन तथा वातावरण जोगाउनको लागि कपुरकोट गाउँपालिका भित्र रहेका सामुदायीक वन, निजी वन तथा सरकारी वनमा उत्पादन तथा रोजगारी संग प्रत्यक्ष संलग्न हुने खालका बोट विरूवा लगाउने र गाउँपालिका भित्र निर्माणाधीन सडकको छेउमा विरूवा रोपी प्राकृतिक सुन्दरता बढाईनेछ ।

**भू तथा जलाधार संरक्षण, वातावरण संरक्षणः**

- भौतिक संरचनाहरूको निर्माण गर्दा पानीका मुहानहरूको संरक्षण हुने तथा पहिरो तथा भूक्षयको जोखिम कम हुने गरी गरिनेछ ।
- प्लाष्टिकजन्य वस्तुहरूको प्रयोगलाई निरूत्साहन गर्दै विस्तारै प्लाष्टिक मुक्त गाउँपालिका निर्माण गरिनेछ ।
- पानीका मुहानलाइ संरक्षण गर्दै सबै वडा तथा टोलहरूमा रिचार्ज पोखरीको ब्यवस्था गरिने छ ।

**फोहरमैला व्यवस्थापनः**

- कुहिने र नकुहिने फोहरलाई श्रोतमा नै वर्गिकरण गरी अनावश्यक फोहर संकलन मा न्युनीकरण गरिने छ ।
- फोहारमैला व्यवस्थापन शुल्क कडाईका साथ लागु गरिनेछ । फोहोरमैला शुल्क बुझाउन अटेर गर्ने व्यक्ति, परिवार र संस्थालाई कालो सूचीमा राखी गाउँपालिकाको सम्पूर्ण सुविधाहरूबाट वन्चित गरिनेछ ।
- टोल विकास संस्थाहरू गठन गरी फोहर व्यवस्थापन कार्यलाई प्रभावकारी बनाईने छ ।

**विपद व्यवस्थापनः**

- विपद जोखिम न्युनिकरण योजना तयार गरी लागु गरिने छ ।
- विपद जोखिम सम्बन्धमा नागरिकलाई सुसुचित गर्ने कार्यक्रम संन्चालन गरिने छ ।
- आकष्मिक कोषको व्यवस्था गरिनेछ । आकष्मिक कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि बमोजिम विपद व्यवस्थापनका जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

**गाउँसभाका सदस्यज्यूहरू ,**

अब म सार्वजनिक सेवा, संस्थागत क्षमता विकास, सुशासन र सुदृढिकरण क्षेत्रगत नीति, कार्यक्रम तथा विनियोजन प्रस्ताव प्रस्तुत गर्न चाहन्छु ।

**सार्वजनिक सेवा प्रवाह तथा सुशासन प्रवर्द्धनः**

- सेवा प्रवाहलाई चुस्त दुरूस्त, पारदर्सी र जवाफदेही बनाइने नीति लिइनेछ । यसको लागि सार्वजनिक उत्तरदायित्वका औजारहरू (सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण) लाई कार्यान्वयनमा ल्याइनेछ ।
- डिजिटल नागरिक बोर्डको व्यवस्था गर्ने तथा सेवा प्रवाहमा आधुनिक प्रविधिलाई प्रयोगमा ल्याइने छ ।
- कर्मचारीहरूलाई समयानुकुल तालिमको व्यवस्थाका साथै प्रोत्साहनको व्यवस्था गर्दै लगिनेछ ।
- हाल यस गाउँपालिकामा कार्यरत रहेका सामाजिक परिचालक, अस्थायी तथा करारका कर्मचारीहरूलाइ आवश्यकताको आधारमा निरन्तरता दिइने छ ।
- कानुनको शासन, पारदर्शितालाई मध्यनजर गर्दै सबै जनप्रतिनिधि र कर्मचारीहरूलाई आफ्नो काम र जिम्मेवारीप्रति जवाफदेही र जनमुखी बनाईनेछ ।

**कानुन तथा न्यायः**

- समाजमा झै झगडा, विवाद र हिंशाजन्य क्रियाकलाप भइरहँदा त्यस्तो समाजले चाहेजस्तो समयभित्र विकास गर्न र समृद्धि हाँसिल गर्न सक्दैन । त्यसैले समाजमा झै झगडा, विवाद र हिंशाजन्य क्रियाकलापको निरूत्साहन तथा सच्चा न्याय दिलाउन ***'सद्भाव, सहकार्य, सहमति, सकारात्मक भावनाको आदानप्रदान, स्वच्छ, निष्पक्ष, सुलभ र छरितो तरिकाले न्याय सम्पादन'*** भन्ने नीतिलाई अंगीकार गरिएको छ । यसमा समाजमा उत्पन्न हुने विवाद कम गराउने, वडा स्तरमा प्राय विवादको समाधान हुनेछ ।
- कानुनको शासन, सुशासन र गाउँपालिकाका निर्णयहरूको प्रभावकारी कार्यान्वयनका लागि नगर प्रहरीको भर्ना तथा व्यवस्थापन गरिनेछ ।
- अध्यक्ष तथा उपाध्यक्षको कार्यव्यस्तता र आवश्यकतालाई मध्यनजर गर्दै सचिवालय स्थापना गरी सचिवालयमा एक एक जना व्यक्तिगत सहायक राख्ने व्यवस्था गरी जनताका गुनासाहरूको यथोचित सम्बोधन गरिनेछ ।

**राजस्व तथा वित्तिय व्यवस्थाः**

- गाउँपालिकामा रहेको राजस्व परामर्श समिती, स्थानिय सरोकारवालाहरूको सिफारिशका आधारमा करका दायरामा वृद्धी गरिनुका अतिरिक्त गाउँपालिकाको स्वायत्त अधिकार क्षेत्रभित्र रहने कर दस्तुरका वृहत क्षेत्रहरूको पहिचान सहित संकलन तथा व्यवस्थापनमा उपयुक्त नीति अपनाई श्रोत साधनको परिचालन गरिने तथा आन्तरिक श्रोत वृद्धि गर्दै लैजाने नीति अवलम्वन गरिनेछ ।
- गाउँपालिका क्षेत्र भित्र संञ्चालनमारहेका उद्योग व्यवसायलाई करको दायरामा ल्याउन कर संकलन प्रणालीलाई प्रभावकारी वनाउन विशेष अभियान संञ्चालन गर्ने र उत्कृष्ट करदातालाई सम्मान गर्ने नीति लिईनेछ ।
- व्यवसाय कर, वहाल कर तथा अन्य श्रोतको लगत अध्यावधिक गरिदै लगिनेछ ।
- गाउँपालिकाको विभिन्न क्षेत्रबाट प्राप्त गर्ने कर, शुल्क तथा दस्तुरलाई प्रभावकारी रूपले संकलन गर्नका लागि सम्बन्धित सरोकारवाला निकायसँग सहकार्य गर्ने तथा यो बर्ष कर संकलनलाई अभियानको रूपमा सञ्चालन गरिनेछ ।

**बजार व्यवस्थापनः**

- बजारलाई माग र आपूर्तिको प्राकृतिक नियमानुसार संचालन हुनको लागि बजार अनुगमन, मूल्य सूचि तथा अन्य आवश्यक संयन्त्र बनाई लागु गर्न पहल गरिने छ । बजारलाई व्यवस्थित बनाई बजारको सुन्दरता कायम गर्न खानेपानी, सरसफाई तथा फोहोरमैला व्यवस्थापन कार्यविधिलाई कडाईका साथ कार्यान्वयन गरिनेछ ।

**तथ्याङ्क संकलन तथा अभिलेख व्यवस्थापनः**

- गाउँपालिकालाई आवश्यक विभिन्न तथ्याङ्कहरू समय समयमा संकलन गरिनेछ । संकलित तथ्याङ्कहरूको व्यवस्थित अभिलेख व्यवस्थापनको लागि सूचना प्रविधिको प्रयोग गरिने छ ।
- योजना तथा कार्यक्रमहरूलाई तथ्याङ्कसंग आवद्ध गरिने छ ।

**स्थानीय योजना व्यवस्थापनः**

- स्थानीय योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन मूल्याङ्कनको बस्तुगत मापदण्ड बनाई लागु गरीने छ ।
- योजना माग गर्दा सबै एकै वर्षमा हुनुपर्छ भन्ने मान्यताले जरा गाडेको विद्यमान अवस्थालाई चिर्दै भौतिक पूर्वाधार तर्फ कम्तिमा तीन लाख भन्दा तलका योजना नगर्ने नीतिलाई कडाई गर्दै लगिने छ ।
- कार्य सम्पादनको आधारमा उपभोक्ता समिति तथा कामसंग सम्बन्धित समुहहरूलाई सम्मान तथा पुरस्कार र दण्डको पनि व्यवस्था गरिनेछ ।

**गाउँसभाका सदस्यज्यूहरू ,**

अब म माथि उल्लेखित नीति तथा कार्यक्रमहरूको कार्यान्वयनको लागि आगामी आर्थिक वर्ष २०७६/७७ को प्रस्तावित बजेट अनुमानको सारांश प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

आगामी आर्थिक बर्ष २०७६/७७ को लागि गाउँपालिकामा प्राप्त हुने आम्दानीको श्रोत अनुमान देहाय बमोजिम रहेको छ ।

- संघिय सरकार वित्तिय समानिकरण अनुदान शिर्षकबाट रू ८ करोड ४ लाख,
- कर्णाली प्रदेश सरकार वित्तिय समानिकरण अनुदान शिर्षकबाट रू १ करोड २९ हजार
- संघिय सरकार राजश्व बाँडफाँड शिर्षकबाट रू ६ करोड ४३ लाख
- कर्णाली प्रदेश सरकार राजश्व बाँडफाँड शिर्षकबाट रू ७ लाख ३ हजार
- संघिय सरकार सशर्त अनुदान शिर्षकबाट रू ९ करोड ६३ लाख
- आन्तरिक राजश्व अनुमानबाट रू २५ लाख
- संचित कोषमा गत बर्षको मौज्दात अनुमान रू २ करोड ५० लाख

गाउँपालिकाको अनुमानीत कुल वजेट सिमा रू २७ करोड ९२ लाख ३२ हजार रहेको छ ।

व्यय अनुमानमा सशर्त खर्च तर्फ रू ९ करोड ६३ लाख, चालु खर्च तर्फ रू ६ करोड ५० लाख र पूँजीगत खर्च तर्फ रू ११ करोड ७९ लाख ३२ हजार रहेको छ ।

सबै वडामा सन्तुलित विकासको अवधारणा अनुसार जनसंख्या, भूगोल र विकासको अवस्थालाई बजेट विनियोजनको आधारको रूपमा लिइएकोले सन्तुलित विकासको अपेक्षा पनि गरेको छु । सामाजिक सुरक्षा भत्ता संघिय सरकारको विशेष कार्यक्रम भएको र यसको हिसाब पछिमात्रै प्राप्त हुने भएकोले यस्मा समावेश गरिएको छैन । नीति, कार्यक्रम र बजेटको विस्तृत विवरण गाउँपालिकाको नीति, कार्यक्रम तथा बजेट किताबमा प्रकाशित गरिने छ । आन्तरिक आय संकलन र संचित कोषबाट रकम व्यय (खर्च) गर्ने प्रयोजन को लागि छुट्टै आर्थिक ऐन र विनियोजन ऐन पेश गरिएको छ ।

**गाउँसभाका सदस्यज्यूहरू ,**

प्रस्तुत नीति, कार्यक्रम तथा बजेट तर्जुमामा सहयोग पुऱ्याउने उपाध्यक्ष तथा राजश्व परामर्श समिति र बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजकज्यू, गाउँ कार्यपालिकाका सदस्यज्यूहरू, गाउँसभाका सदस्यज्यूहरू तथा विभिन्न बौद्धिक वर्ग प्रति हार्दिक आभार प्रकट गर्दछु । श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, राजश्व परामर्श समिति तथा अन्य विषयगत समितिहरूमा भएका छलफलका क्रममा उक्त समितिका आदरणीय सदस्यहरूले दिनु भएका सुझावहरू आर्थिक ऐन तथा प्रस्तुत नीति, कार्यक्रम तथा बजेटका आधार भएर रहेका छन् । बजेट छलफलको क्रममा आ-आफ्नो तर्फबाट सुझाव दिनुहुने बुद्धिजिवी, अर्थशास्त्री, निजी क्षेत्रका संघ संगठनहरू,नागरीक समाज तथा सामुदायिक संस्था, सामुदायिक संगठनहरू, पत्रकार र गाउँपालिकाबासी तथा गाउँपालिका बाहिर स्वदेश तथा विदेशमा रहनु भएका दिदीबहिनी, दाजुभाईहरू सबैलाई हार्दिक धन्यबाद ज्ञापन गर्दछु ।

बजेट छलफल तथा निर्माणको क्रममा निरन्तर रूपमा खटिई सहयोग गर्नुहुने गाउँ कार्यपालिका कार्यालयका प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण सचिवालयका कर्मचारीहरू तथा गाउँपालिका अन्तर्गतका सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा गाउँपालिकाको विकास र सम्बृद्धिका लागि बजेट श्रोतको सुनिश्चितता गरिदिने संघिय सरकार र कर्णाली प्रदेश सरकार तथा निरन्तर सद्भाव र सहयोग पुऱ्याउने आम नागरीक, करदाता, गाउँपालिकाको हित र समुन्नतीमा कार्यरत सबै विकास साझेदार, सरकारी गैरसरकारी तथा सामुदायिक संस्थाहरूप्रति आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको खुला सहयोगको अपेक्षा गरेको छु ।

समस्याहरू धेरै छन्, सबैको एकैपटक समाधान सम्भव छैन र हुन पनि सक्दैन । वर्तमान वस्तुगत यथार्थ धरातलमा उभिएर चुनौतिहरूको सामना गर्न हामी सबै कटिबद्ध, प्रतिबद्ध र एकताबद्ध बनौं । उज्वल भविष्य निर्माणको लागि आशावादि बनौं ।

धन्यवाद !

भिम बहादुर सेन<br>
अध्यक्ष तथा संयोजक<br>
स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति<br>
कपुरकोट गाउँपालिका, सल्यान                    मिति २०७६/ ०३/ १० गते